# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८१/०८२
च.नं :

प्रथम पटक प्रकाशित मिति २०८१/०७/०७

## सूचना । सूचना ।। सूचना।।।

शितगंगा नगरपालिकाको आ.ब.०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम र प्रदेश सरकारबाट सशर्त वित्तिय हस्तान्तरित कार्यक्रम अन्तर्गत कृषि विकास शाखाबाट संचालन गरिने तपसिल अनुसारको कार्यक्रमको लागि ईच्छुक कृषि उद्यमि/कृषि फर्म/कृषक समूह/कृषि सहकारीहरुले सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८१/०८/०५ गते) भित्र यस नगरपालिकाको कृषि विकास शाखामा निम्न अनुसारको कागजात सहित निबेदन दर्ता गराउनु हुन सम्पुर्ण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।

तपसिल

| क्र.स. | कार्यक्रमको नाम | संचालन गरिने क्रियाकलापहरु | न्युनतम मापदण्ड | बजेट/अनुदान सिमा |
|---|---|---|---|---|
| १ | मौरी प्रबर्द्धन कार्यक्रम (वडा न. २) | मौरी गोला, माहुरी घार,धुवादानी, टोपी,पञ्जा, क्वीन गेट, महदानीर अन्य माहुरी संग सम्बन्धित उपकरणहरु मागको आधारमा उपलब्ध गराउने । | कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था कार्यक्रममा सहभागी हुन सक्ने कम्तिमा मौरी सहितको २० घार मौरीपालन गरेको र कम्तिमा २० प्रतिशत गोला थप गर्न सक्ने हुनुपर्दछ । | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ५० प्रतिशत वा अधिकतम रु. १ लाख अनुदान दिन सकिने । |
| २ | मौरी प्रबर्द्धन कार्यक्रम | मौरी गोला, माहुरी घार,धुवादानी, टोपी,पञ्जा, क्वीन गेट, महदानीर अन्य माहुरी संग सम्बन्धित उपकरणहरु मागको आधारमा उपलब्ध गराउने । | कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था कार्यक्रममा सहभागी हुन सक्ने कम्तिमा मौरी सहितको १० घार मौरीपालन गरेको हुनुपर्दछ । | प्रति अनुदानग्राही कुल लागतको अधिकतम ७५ प्रतिशत |
| ३ | साना सिँचाइ कार्यक्रम (वडा नं. १०) | सोलार सिंचाई,थोपा सिंचाई,लिफ्ट सिंचाई,बोरिङ्ग,पम्पसेट,मोटर पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई समाग्री खरिद, सिंचाई कुलो/पोखरी,वोरिङ्ग,लिफ्ट सिंचाई निर्माण तथा सुधार । | कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था कार्यक्रममा सहभागी हुन सक्ने निजिको हकमा ५ रोपनी र सामुदायिकको हकमा २.५ हे. सिंचित क्षेत्र विस्तार गर्नु पर्ने, यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिइने, | पुर्वाधार(सिंचाई कुलो, पोखरी, सोलार सिचाई, लिफ्ट सिचाई, थोपा सिचाईको फिल्टर सेट, बोरिङ्ग) निर्माणको हकमा कुल लागतको अधिकतम ७५ प्रतिशत र अन्य (मोटर, पम्पसेट, पाईप आदि)को हकमा अधिकतम ५० प्रतिशत. |

# शितगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

प.सं : २०८१/०८२
च.नं :

| | | | | |
|---|---|---|---|---|
| | | | विपन्न तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिईने | समूह/सहकारीको हकमा अधिकतम रु. ५ लाख र व्यकतिगत वा फर्म/ कम्पनीको हकमा अधिकतम रु.२ लाख अनुदान । |
| ४ | च्याउ खेति प्रवर्द्धन कार्यक्रम | कन्ये च्याउको विउ वितरण | कृषक/फर्म/कम्पनी/कृषक समुह/कृषि सहकारी संस्था कार्यक्रममा सहभागी हुन सक्ने | लागतको अधिकतम ५० प्रतिशत अनुदान |

<u>आवश्यक कागजातहरु</u>

- निबेदन
- वडा कार्यालयको सिफारिस
- नागरिकता प्रमाण- पत्रको प्रतिलिपि
- जग्गा धनी दर्ता प्रमाण- पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए करार पत्र
- फर्म/समूह/सहकारीहरुको हकमा स्थायी लेखा नम्वर प्रमाण- पत्रको प्रतिलिपि
- फर्म/समूह/सहकारीहरुको हकमा दर्ता प्रमाण -पत्रको प्रतिलिपि
- चालु आ.व.को कर चुक्ता प्रमाण- पत्रको प्रतिलिपि

२०८१.६.६

मदन बहादुर जि.सी.
प्रमुख प्रशासकीय अधिकृत